## साना व्यवसायिक कृषि उत्पादन केन्द्र(ब्लक) निर्माणको लागि प्रस्ताव आव्हान गरिएको सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः२०७५/०२/०४

यस आ.व.२०७३/०७४ देखि कपिलवस्तु जिल्लामा समेत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन भएको सहर्ष जानकारी गराउँछौ । र यसै गरी आ.व.२०७४/०७५ मा पनि जिल्लाको यस बुद्धभूमी न.पा. वाट यो कार्यक्रम निरन्तर रुपमा संचालन हुन गैरहेको व्यहोरा समेत यसै सूचनावाट जानकारी गराउँछौ ।कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था, वालीवस्तु उत्पादनमा यान्त्रिकरण/प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था मार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना यस आयोजनाले गरेको छ ।

यसै परियोजना अन्तरगत यस कार्यालयको आ.व.२०७४/०७५ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार साना व्यवसायिक कृषि उत्पादन केन्द्र(ब्लक) विकास कार्यक्रम संचालनको लागि निम्नानुसारका वाली/वस्तुमा पकेट र ब्लक निर्माण गर्न ईच्छुक कृषक समुह/सहकारी/कृषक उद्यमीको सूची तयार गर्नु परेकोले मिति २०७५।०१।०७ प्रथम पटक सूचना प्रकाशित गरिएकोमा १ जना मात्र निवेदन प्राप्त भएकोले यस बुद्धभूमी नगर कार्यपालिकाको मिति २०७५।०२।०३ गतेको निर्णयानुसार पुनः सूचना प्रकाशित गरिएको छ ।(छुट्टाछुट्टै वा मिलेर) कार्यालय वाट निर्धारित ढाँचाको आवेदन साथ आवश्यक कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालयमा ईच्छुक कृषक समुह/सहकारी/कृषक उद्यमीहरुले आवेदन पेश गर्नुहुन अनुरोध छ ।

| मापदण्डहरु | व्यवसायिक उत्पादन केन्द्र(ब्लक) विकास कार्यक्रम |
|---|---|
| तोकिएको वाली | सबै कृषिबाली तथा माछा |
| लक्ष्य संख्या | १ वटा ब्लक |
| न्यूनतम क्षेत्रफल | १० हेक्टर माछा तथा ५० हेक्टर अन्य बाली |
| संचालन हुने न.पा. | बुद्धभूमी न.पा.को सबै वडाहरूमा |
| परियोजनावाट उपलब्ध हुने सुविधा | **चालु अनुदानः** नविन उत्पादन प्रविधि प्रर्दशन तथा तालिम/उन्नत वीउ, माछा भुरा लगायत रासायनिक मल/विरुवा/वेर्ना जस्ता उत्पादन सामग्री सहयोग ।<br>**पूंजीगत अनुदानः** Custom Hiring Center स्थापना, पोष्ट हार्भेष्ट सेण्टर निर्माण, मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापना, उत्पादनमा आधारित प्रोत्साहण प्रणाली, सिंचाई पूर्वाधार निर्माण/मर्मत, अन्य । |
| हुनुपर्ने सेवा/सुविधा/पूर्वाधार | (क)सडकको पहुँच भएको वा हुनसक्ने (ख) सिंचाईको उपलव्धता भएको वा हुनसक्ने (ग) बिद्युतको उपलव्धता भएको वा हुनसक्ने (घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा एउटै कोरिडोरमा रहेको । |
| कार्यक्रम संचालनको मोडालिटी | कार्यक्रम संचालनको लागि संभाव्यता अध्ययनको आधारमा निर्धारण गरिएको क्षेत्रका ईच्छुक कृषक समुह/सहकारी/कृषि उद्यमीहरुवाट अध्यक्ष लगायत सदस्यहरु र कृषि सेवाकेन्द्रको प्रतिनिधि, नजिकमा रहेको एग्रोभेट/कृषि सामग्री आपूर्तिकर्ता प्रतिनिधि सदस्य रहने गरी पकेट/ब्लक संचालक समिति गठन गरिने छ र सोही समिति संग बुद्धभूमी न.पा. कृषि विकास शाखाले सम्झौता गरी कार्यक्रम संचालन हुनेछ । |

**आवेदनका साथ आवश्यक कागजातहरुः**

१. कृषक समुह/सहकारी/कम्पनी/कृषि उद्यमी दर्ताको प्रमाण-पत्रको प्रतिलिपि

२. कृषक समुह/सहकारी/कम्पनी/कृषि उद्यमीको निर्णयको प्रतिलिपि

नोटः बाँकि सुविधा एवं प्रकृया नेपाल सरकारवाट स्वीकृत साना व्यवसायिक कृषि उत्पादन (ब्लक) विकास कार्यक्रम संचालन कार्यविधि अनुरुप हुनेछ । विस्तृत जानकारी तथा आवेदन फारम बुद्धभूमी नगरपालिका कृषि विकास शाखा वाट प्राप्त गर्न सकिनेछ ।

३. आवेदन दर्ता गराउँदा बुद्धभूमी न.पा. मा नगदी रसिद दस्तुर कटाई से रसिद समेत पेश गर्नु पर्नेछ ।

२०७५।२।४